वैठक संख्या -६ मिति २०७३/०६/०४ गते विहान ७:०० वजे

आज मिति २०७३/०६/०४ गते मंगलवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री टीकादत्त राई - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उप-महानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

| | |
|---|---|
| श्री गणेशप्रसाद खतिवडा | वरिष्ठ प्रशासकिय अधिकृत |
| श्री खगेन्द्रप्रसाद खतिवडा | वरिष्ठ कर अधिकृत |
| श्री सूरज श्रेष्ठ | वरिष्ठ इन्जिनियर |
| श्री रमेश शाह | वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत |
| श्री भेषराज अधिकारी | वरिष्ठ लेखा अधिकृत |
| श्री राजु पोखरेल | इन्जिनियर |
| श्री सूनील नेपाल | सामाजिक विकास अधिकृत |

निर्णयहरु

निर्णय नं १ (एक) : सवारी कर सम्वनधमा ।

यस कार्यालयले संकलन गर्ने पटके सवारी कर नगर स्तरीय राजश्व परामर्श समितिको आधारमा धरान ८ तीनकुने मार्फत धरानमा आउने ढवानीका साधनहरु तथा धरानमा भ्रमणमा आउने सवारीका स्वदेशी तथा विदेशी साधनमा नगर परिषदवाट पारित दररेट बमोजिमनै हुनेगरी २०७२आश्विन १ देखि १०७३भाद्र मसान्त सम्म रु ६००००/०० मा ठेक्कामा दिएकोमा उक्त म्याद समाप्त भएकाले २०७३ असोज १ देखि आगामी १ वर्षकोलागि गतवर्ष ठेक्का रकममा २५प्रतिशतले बृद्धि गरी रु ९३६५०/०० ठेक रकम कायम गरी १ वर्ष म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं २ (दुई) : ई रिक्सा दर्ता सम्वनधमा ।

यस नगर क्षेत्रमा २०७२/१२/०८ अगाडि खरीद गरी संञ्चालनमा आएका सम्पुर्ण ई रिक्साहरु दर्ताकोलागि सूचना आब्हान गरे बमोजिम दर्ताकालागि सिफारिस गरिएको तर अझैपनि केहि ई रिक्साहरु उक्त सूचनाको अवधिमा रिक्सा धनि बाहिर भएको कारण सिफारिस लिन छुट भएको बुझिएकोहूँदा उक्त सूचना बमोजिम प्रकृया पुगेका छुट ई रिक्सा दर्ताकोलागि रु ३०००।०० सिफारिस दस्तूर लीई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं३(तीन) : म्याद थप सम्बनधमा ।

यस कार्यालयको स्वामित्वमा रहेको पालिका बजार धरान ३ ब्यबस्थापन करारमा भानु फलफूल तथा सब्जि ब्यबसायी समितिलाई सम्झौता गरी दिईएकोमा चालू आ व मा समेत साविक आ व मा दिएको रकममा थप दायित्व सृजना नहुने गरी एक बर्ष म्याद थप गर्ने निर्णय गरियो ।

आजको वोर्ड वैठक विहान ९:३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सुचना अधिकृत,धरान उपमहा नगरपालिका